# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि

एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।

प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।






सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।





बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।






छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराइ खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

### माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

कोशी प्रदेश,नेपाल

पत्र संख्या: २०८०/८१ (कृषि विकास शाखा)

चलानीनं.:

मिति २०८० /०८/१९ गते

---

**विषय- माटो परिक्षण शिविर संचालन सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा यस कचनकवल गाउंपालिका गाउंकार्यपालिकाको कार्यालय आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखा मार्फत यस गाउंपालिकाको सबै वडाहरुमा कृषकहरुलाई लक्षित गरि माटो परिक्षण शिविर कार्यक्रम संचालन गरिने हुँदा आफ्नो खेतबारीको माटोको नमुना संकलन गरि कृषि विकास शाखामा १५ दिन भित्र (२०८०/०९/०३ गते सम्म) दर्ता गराउनुहुन अनुरोध गरिन्छ। साथै माटोको पी.एच, नाइट्रोजन,फस्फोरस, पोटास, प्राङ्गरिक पदार्थ तथा माटोको बनोटको परिक्षण हुने व्यहोरा समेत जानकारी गराईन्छ।

(नोट-माटोको नमुना सफा प्लास्टिकमा राखी कागजमा नभिज्ने गरि कृषकको नाम, ठेगाना, माटो नमुना लिन अघि लगाईएको बाली, माटो परिक्षण पछि लगाईने बालीको नाम, मलखाद,र सिंचाइको अवस्था प्रष्ट बुझ्ने गरि लेखि पठाउनु हुन सम्पूर्ण कृषकहरुलाइ अनुरोध गरिन्छ।)

आवश्यक परामर्शका लागि-९८४२६४३१५८, ९८६२१५७५२५)

..............................

सुभाष चन्द्र सुमन

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner